# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### एयर कन्डिसनर खरिद तथा जडान गर्ने बारेको सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३/०९/१९)

**बोलपत्र नं. सासेवि/निर्माण/२/०७३/०७४**

यस बैंकको लागि बैंकले तोकेको स्पेसिफिकेशन बमोजिम बैंकको बालुवाटार परिसरमा नवनिर्मित भवनको करिब १४,००० वर्ग फिट क्षेत्रफलमा एयर कन्डिसनरहरु (HVAC, VRF/VRV TYPE) आपूर्ति गरी जडान गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरुले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३०औं दिन (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) को ३:०० बजेभित्र फर्म/संस्था/कम्पनीको तर्फबाट आधिकारिक निवेदन पेश गरी यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटार र बैकिङ्ग कार्यालय, थापाथलीबाट पछि फिर्ता नहुने गरी बोलपत्र फारम रु.१०,०००।- बुझाई खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम साथ बोलपत्र जमानत बापत रु.२,९९,०००।- (अक्षरेपी दुई लाख उनान्सय हजार मात्र) यस बैंकको बैंकिङ्ग कार्यालय थापाथलीस्थित खाता नं ११०९९०१/०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्य अवधि रहेको यस बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक जमानत संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि ९०(नब्बे) दिनको हुनेछ ।

३. बोलपत्रदाताले प्रि-विड मिटिङ्गमा सहभागी हुनुपर्ने छ । प्रि-विड मिटिङ्ग सूचना प्रकाशित भएको मितिले २१ औं दिन विहान ११:०० बजे (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) हुने छ । प्रि-विड मिटिङ्गमा सहभागी नभएको कारणले कुनै बोलपत्रदाताले पेश गरेको बोलपत्र मूल्याङ्कनबाट हटाइने छैन । प्रि-विड मिटिङ्ग सम्पन्न भएपछि पनि कुनै बोलपत्रदाताले बोलपत्र खरिद गरी बैंकमा पेश गरेको छ भने पनि त्यस्तो बोलपत्रलाई समेत मान्यता दिइनेछ ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) को १२:०० बजेभित्र यस विभागमा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ । पेशहुन आएका बोलपत्रहरु सोही दिन दिउसो २:०० बजे बोलपत्रदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि) नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटारमा खोलिने छ । बोलपत्र खोली स्वीकार गर्ने वा नगर्ने वा कुनै पनि समय बोलपत्र रद्द गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

५. बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नुपर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ । रीत नपुगेको वा म्याद भित्र प्राप्त नभएको वा झुटा विवरण पेश गरेको देखिन आएमा यसरी पेश भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. यो सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा हेर्न सकिनेछ । यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र यस बैंकको सामान्य सेवा विभाग, निर्माण फाँट बालुवाटार, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।

**सामान्य सेवा विभाग**